## संवत् २०७८ साल माघ २२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरु

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - मधेश प्रदेशमा कृषि क्षेत्रमा हालसम्म सञ्चालित कार्यक्रमहरुको समीक्षा गर्दै आगामी दिनमा सरकारले अवलम्बन गर्नुपर्ने नीति एवं सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुका बारेमा राय, सुझाव सहित पन्ध्र दिनभित्र अन्तरिम र तीस दिनभित्र अन्तिम प्रतिवेदन तयार गरी मन्त्रिपरिषद् समक्ष पेश गर्न देहाय बमोजिमको किसान समस्या पहिचान तथा सामाधान उच्चस्तरीय समिति गठन गर्ने ।

| | |
|---|---|
| माननीय मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - संयोजक |
| माननीय मन्त्री, उद्योग, पर्यटन तथा वन मन्त्रालय | - सदस्य |
| माननीय मन्त्री, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | - सदस्य |
| माननीय मन्त्री, अर्थ मन्त्रालय | - सदस्य |
| माननीय मन्त्री, खानेपानी तथा ऊर्जा विकास मन्त्रालय | - सदस्य |
| श्री सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य सचिव |

<u>किसान समस्या पहिचान तथा सामाधान उच्चस्तरीय समितिको कार्यक्षेत्रगत शर्तहरुः</u>

क. मधेश प्रदेशमा संघ र प्रदेश सरकारबाट हालसम्म सञ्चालित कृषिसंग सम्बन्धित (मल, बीउ, सिचाईं, कृषिजन्य औजार लगायत) कार्यक्रम तथा आयोजनाहरुको समीक्षा एवं मौजुदा अवस्था विश्लेषण गर्दै कृषि क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय तहहरुबीच गरिनुपर्ने समन्वय सम्बन्धमा सुझाव प्रस्तुत गर्ने ।

ख. कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी विद्यमान व्यवस्थाको समीक्षा गर्दै आगामी दिनमा गर्नुपर्ने कार्यहरुको खाका प्रस्तुत गर्ने ।

ग. सिंचाई सम्बन्धी विद्यमान ठूला, मझौला र साना सिंचाई आयोजनाहरुको सञ्चालन अवस्था र कृषिमा प्रयोग हुने विद्युत महसुल सम्बन्धी विद्यमान अवस्था एवं सम्भावनाको विश्लेषण गर्दै आवश्यक सुझाव पेश गर्ने ।

घ. प्रदेशमा सञ्चालित कृषि अनुसन्धान केन्द्र, कृषि फार्म तथा अन्य संस्थाहरुको विद्यमान अवस्थाको विश्लेषण गरी कृषि विकासका लागि आवश्यक पर्न सक्ने थप अनुसन्धान केन्द्र तथा कृषि फर्महरु लगायत संस्थागत विकासका लागि नीतिगत सुझावहरु पेश गर्ने ।

ङ. कृषि तथा भेटेरिनरी सेवाको उपलब्धताको अवस्था मूल्याङ्कन गरी कृषि तथा पशुपन्छी सम्बन्धी प्रभावकारी सेवा उपलब्ध गराउन अबलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रम सिफारिश गर्ने ।

च. प्रदेशको कृषि तथा पशुपन्छी क्षेत्रको विकास र विस्तारका लागि भू-उपयोग, सिंचाई, मलखाद, उन्नत बीउ वीजन, किटनाशक औषधी, कृषि औजार तथा उपकरण, डुबान तथा कटान नियन्त्रण, भूमिगत सिंचाई, कृषि तथा पशुपंक्षी प्रसार सेवा, विद्युत आपूर्ति, मत्स्यपालन, कृषियोग्य भूमिको संरक्षण तथा जग्गा उकास एवं कृषिमा लाग्ने कर लगायतको क्षेत्रमा अबलम्बन गर्नुपर्ने नीति एवं कार्यक्रमहरु सम्बन्धी सुझावहरु पेश गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

छ. कृषियोग्य जमिनको खण्डीकरण एवं अनियन्त्रित उपयोग, चुरे क्षेत्रको वन विनास तथा जलवायु परिवर्तन लगायतका कारणहरुबाट कृषि क्षेत्रमा परिरहेको र पर्न सक्ने सम्भाव्य असर तथा प्रभावहरुको आँकलन गरी यसबाट हुन सक्ने जोखिम कम गर्न अपनाउनुपर्ने उपायहरु (Mitigation Measures) एवं भू-उपयोग नीति तथा योजनालाई कार्यान्वयन गर्न चाल्नुपर्ने कदमहरु सिफारिश गर्ने ।

ज. कृषिजन्य तथा पशुजन्य उत्पादनको प्रवर्द्धन गर्न प्रदेशमा सञ्चालित कृषि तथा पशु हाट बजारहरुको समीक्षा गरी आवश्यक सुझाव प्रस्तुत गर्ने ।

झ. कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको अवस्था र तिनीहरुको समस्याहरु विश्लेषण गर्दै आगामी दिनमा कृषिजन्य तथा पशुजन्य कच्चा पदार्थको औद्योगिक क्षेत्रमा प्रयोग बढाउन चाल्नुपर्ने कदमहरु सिफारिश गर्ने।

ञ. कृषि कार्यमा आधारित कृषि मजदुरहरुको रोजगारी र सामाजिक सुरक्षाका लागि सरकारले लिनुपर्ने नीतिका बारेमा सुझाव प्रस्तुत गर्ने ।

ट. समितिलाई उपयुक्त लागेका अन्य सुझावहरु पेश गर्ने ।

मधेश प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरु